नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

## प्रेस विज्ञप्ती-४६

### "बैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

भारतको मोतिहारी जिल्ला वडा नं. १०, झोझरा घर नं. १३६५ घर भई जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १५, सातदोबाटो स्थित जय बाबा गणिनाथ महाराज सप्लायर्समा प्रमुख पदमा कार्यरत जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १, कमलपोखरी बस्ने बर्ष ४५ का प्रतिवादी राजहरण साहले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी मिति २०७५/०९/०५ मा ग्लोवल आईएमई बैंक, शाखा कार्यालय, ज्ञानेश्वरको चेक काटी दिएको कसूरलाई बैंकिङ् कसूरजन्य अपराध गरेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनबाट मिति २०७७/१०/२६ मा निज प्रतिवादी रामहरण साहको हकमा बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिम ७ (सात) दिन कैद र रु. ९,५०,०००/- (नौं लाख पचास् हजार रुपैंया मात्र) जरिवाना हुने फैसला भएकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित विशेष टोलीले निज प्रतिबादीलाई जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १, कमलपोखरीबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आज मिति २०७८/०७/२२ मा सम्मानित ललितपुर जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ।

**पक्राउ प्रतिवादी :-**



**प्रतिवादी:-** राजहरण साह
**उमेर:-** ४५ वर्ष
**ठेगाना:-** भारतको मोतिहारी जिल्ला वडा नं. १०, झोझरा घर नं. १३६५ घर भई जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १, कमलपोखरी बस्ने
**मुद्दा:-** बैंकिङ् कसूर
**कैद:-** ०७ दिन
**जरिवाना:-** रु. ९,५०,०००/-
**फैसला:-** २०७७/१०/२६
**पक्राउ मिती:-** २०७८/०७/२२
**पक्राउ स्थान:-** जिल्ला काठमाडौं का.म.न.पा. वडा नं. १, कमलपोखरी

**प्रहरी उपरीक्षक**
(कमल थापा)
**सम्पर्क नम्बर:** ९८५१२८१३३४
मिति २०७८/०७/२२ गते।